म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०६ बुधबार १२ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 27 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७१ किलो गाँजासहित २ जना पक्राउ

हेटौंडा, ११ मंसिर/७१ किलो लागुऔषध गाँजा ओसार पसारको आरोपमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडाबाट २ जनालाई पक्राउ गरेको छ ।

हेटौंडा उपमहानगरपालिका-१९ तीनताप्केस्थित पूर्व-पश्चिम राजमार्ग सडकखण्डमा प्रहरीले ७१ किलो परिमाणको लागूऔषध बरामद गरेको हो । मनहरीबाट हेटौंडातर्फ जाँदै गरेको प्रदेश ३-०१-०२४ च ३०५९ नम्बरको पिकअप गाडीलाई रोकी जाँच गर्ने क्रममा राक्सिराङ गाउँपालिका-९ घर भएका २० वर्षीय मिलन घलान र सोही गाडीमा सवार सोही स्थानका २६ वर्षीय दावा थिङलाई गाँजा सहित पक्राउ गरिएको हो ।

उनीहरुले गाडीको चालक बस्ने सिटमुनि लुकाएर ल्याएको अवस्थामा ७१ किलो ७ सय ग्राम लागूऔषध गाँजा फेला परेको हुदाँ लागूऔषध, पिकअप गाडी सहित निजहरु घलान र थिङलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

# विपन्न, अशक्त र असहायको सारथी बन्दै उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ कुनैपनि नागरिकको स्वास्थ्यउपचारमा सरकार संबेदनशील हुनैपर्छ । आर्थिक अभावले स्वास्थ्यउपचारबाट बञ्चित बनेका बिपन्न समुदायका व्यक्तिलाई हेटौंडा उपमहानगर पालिकाले साथ दिएको छ ।



दैनिक जीवनयापनका लागि पनि समस्यामा रहेको हेटौंडा-१८ थामीटोलका ४५ वर्षीय पशुपति थामीको उपचारमा उपमहानगरले साथ दिएको हो । केही समय अघिबाटै स्वास्थ्यसमस्या व्यहोरिरहेका थामीको पहिलोचरणको उपचार हेटौंडा अस्पतालमा भइरहेपनि स्वास्थ्यअवस्थामा सुधार नभएपछि अस्पतालले घरजान भनेपनि उनी गएका थिए ।

तीनदिन अघिबाट उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामासँगको समन्वयमा हेटौंडा अस्पतालमा उपचार भएपनि चिकित्सकले घरजान भनेपछि अस्पतालबाट बाहिरीएका थामीलाई मंगलबार सिएमसी चुरेहिल अस्पताल पुऱ्याइएको छ । अस्पतालबाट घर गएका थामीलाई भेट्न मंगलबार नगरप्रमुख लामा र हेटौंडा-१८ का वडाअध्यक्ष अनिल बानियाँ सबेरै उनको घरमै पुगेका थिए ।

घरमा नगरप्रमुख लामा र वडाअध्यक्ष बानियाँलाई देखेपछि थामी सुतिरहेको ओछ्यानबाट उठेर मुस्कुराउँदै बसेका थिए । स्वास्थ्यमा समस्या भएका कारण बोली नआएपनि हातको इसारबाट उनले केही जानकारी नगरप्रमुख लामा र वडाअध्यक्ष बानियाँलाई गराएसँगै थप उपचारको लागि चुरेहील लगिएको हो । हेटौंडा अस्पतालको रिपोर्टअनुसार स्वास्थ्यमा अन्य समस्या नभएपनि 'प्ल्याटिलेट' को मात्रा घटेको देखिए बताइएको छ ।

उपचारको क्रममा पोषणयुक्त खानेकुराको अभावका कारण स्वास्थ्यमा सुधार हुन नसकेको आंकलनका साथ उनलाई स्थानीय हर्नामाडी स्वास्थ्यचौंकीमार्फत् सञ्चालनमा रहेको एम्बुलेन्समा थप उपचारका लागि चुरेहिल पुऱ्याइएको थियो । बिरामी थामीसँगै चुरेहिल पुगेका नगरप्रमुख लामा र अध्यक्ष बानियाँले चिकित्सक र व्यवस्थापनसँग समन्वय गर्दै उपचारमा कुनै समस्या हुन नदिन आग्रह गरेका थिए ।

जीवनयापनका लागि मजदुरी गनुपर्ने अवस्थामा रहेका उनको परिवारको लागि उपमहानगरपालिकाले आवश्यक खाद्यान्ह उपलब्ध गराएको छ । नगर प्रमुख लामा र वडाअध्यक्ष बानियाँले बिरामी थामीको परिवारका लागि चामल, दाल, तेल, सोयाबिन, कुखुराको अण्डालगाय हस्तान्तरण गरेका थिए । थामी समुदायको उपचारमा सहज अवस्था सृजना गर्नका लागि वडाको सिफारिसमा उपमहानगरले स्वास्थ्यबीमा गरी दिने नगरप्रमुख लामाले बताइन् ।

आर्थिक अभावका कारण स्वास्थ्यउपचारमा समस्या हुने, शिक्षाबाट बिमुख हुनपर्ने, दैनिक जीनवयापनमा समस्या व्यहोर्न पर्ने अवस्थालाई निराकरणका लागि उपमहानगर तयार रहेको उनले बताइन् । हेटौंडा-१८ मा रहेका थामीटोलका बासिन्दा दैनिक जीवनयापनका लागि मजदुरी गर्दै आएका छन् । त्यहाँ १७ घर परिवार थामी समुदायको बासोबास रहेको वडाअध्यक्ष बानियाँले बताएका छन् ।

केहीदिन अघि हेटौंडा उपमहानगरपालिका-१५, भोर्लेका मनिष थिङ र एञ्जिला स्याङ्तानको १८ महिने छोराको मलद्वारको उपचारमा उपमहानगरले सहयोग गरेको थियो । नाबालक छोरा आरोनको उपचार खर्च जुटाउन भौतारिँदै मनिष र एञ्जिलाले गाउँघर छिमेकमा सहयोगको याचना गरेको लामो समय बितिसक्दा पनि पर्याप्त रकमको जोहो गर्न नसकेकाले अस्पताल जानबाट रोकिएका थिए ।

खर्चको अभावका कारण परिवारले नाबालकको उपचार गर्न नसकेकोले उपचारको जिम्मा नै उपमहानगरले लिएको हेटौंडाकी नगरप्रमुख लामाले बताइन् । बाबु मनिष विगतमा बसको सहचालकको भूमिका निर्वाह गरेर छाक टार्दै आएका थिए । सहचालकको जागिर छोडेर उनी छोराको उपचारखर्च जुटाउन भौतिररहेका थिए । उपमहानगरले मलद्वार नै नभएका नाबालकको उपचारमा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको थियो । १८ महिनाका आरोनको सबै उपचार खर्च व्यहोर्ने निर्णय हेटौंडा उपमहानगरको कार्यपालिकाबाट भएको नगरप्रवक्ता सबिन न्यौपानेले बताए ।

हेटौंडा-१५ का वडाअध्यक्ष सुनिल मोक्तानले ल्याएको प्रस्ताव कार्यपालिका बैठकले स्वीकृत गरेको थियो । चिकित्सकको सल्लाह अनुसार उनको उपचारमा लाग्ने करिब ३ लाख ५० हजार रुपैयाँ खर्च व्यहोर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिए । २०८० जेठ २ गते मनिष र एञ्जिलाले आरोनलाई पहिलो सन्तानको रुपमा जन्म दिएका थिए । तर, जन्मेको केही घण्टामै बालक आरोनले बान्ता गर्न थालेको उनका बुवा मनिषले बताए । त्यसपछि उनलाई हेटौंडा अस्पताल लगियो । चिकित्सकले छोराको मलद्वार छैन भनेपछि संसार नै अँध्यारो महशुस भएको उनी सुनाउँछन् ।

नेपालको संविधानको मौलिक हकअन्तरगत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको र यसै धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा नि:शुल्क प्राप्त गर्ने हक हुने उल्लेख गरिएको छ । आकस्मिक स्वास्थ्यसेवाबाट कसैलाई वञ्चित नगरिने आधारभूत मौलिक अधिकारकारुपमा स्वास्थ्य सेवालाई सुनिश्चितता गरिएकोले उपमहानगरले सहयोग गरेको बताइएको छ ।

त्यसै गरी उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने उल्लेख गरिएको छ । उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्यसेवामा समान पहुँचको हक हुने र (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरिएको छ । स्थानीय सरकारले नागरिकको रक्षाका लागि कुनैपनि भेदभाव नराखी काम गर्ने प्रयास गरिरहेको उपमहानगरका प्रवक्ता न्यौपानेले बताए ।

# बालमैत्री घोषणाको तयारीमा हेटौंडा-१९ नम्बर वडा



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१९ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । वडा कार्यालयले मंगलबार पत्रकार सम्मेलनमार्फत् विभिन्न सूचक पूरा गरेसँगै यही मंसिर १९ गते शुक्रबार वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी गरेको जानकारी दिएको हो ।

'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूलनाराकासाथ वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हेटौंडा-१९ का अध्यक्ष नरनाथ सुबेदीले जानकारी दिए । उनले पूर्णखोपयुक्त, पूर्णसाक्षर, खुल्लादिसामुक्त वडा घोषणा भईसकेको १९ नम्बर वडालाई बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा भएको बताए । ४४ वटा सूचक १०० प्रतिशत, एउटा सूचक ९८ प्रतिशत, ३ वटा सूचक ९५ प्रतिशत र एउटा सूचक ९० प्रतिशत, एउटा सूचक ८५ प्रतिशत, एउटा सूचक ८० प्रतिशतसम्म नतिजा हासिल भएको जनाइएको छ ।

अधिकांश भागहरु ग्रामीणस्तरका रहेको वडामा घर धुरी तथ्यांक संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ३,३५० रहेको बताइएको छ । बालबालिकाको संख्यामध्ये १ हजार ७२७ बालक र १ हजार ६२३ बालिका रहेका छन् । बालबालिकाको संख्यालाई आधार मान्दा ४८.४४ प्रतिशत बालिका र ५१.५५ प्रतिशत बालक रहेका अध्यक्ष सुवेदीले जानकारी दिए । वडामा सामुदायिक र संस्थागत गरी बालविकास केन्द्र सहितका १० वटा विद्यालय संचालनमा रहेको बताइएको छ ।

१८ वटा बालसमूह र एक वडा बालसञ्जालमा ४५० जना बालबालिका आवद्ध छन् भने विभिन्न संरचनागत समितिमा समेत जम्मा ४९१ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको उनले बताए । आजका बालबालिका भोलिका कर्णधार हुन् भन्ने भनाईलाई मनन् गर्दै २१ औंशताब्दीका बालबालिकालाई यो भनाईमाथि नै परिमार्जित गर्दै बालबालिकालाई आजैका साझेदार बनाउन सोही अनुसारका काममा सक्रिय बनाउने प्रयास रहने उनले बताए ।

स्थानीय सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थी, विभिन्न टोलविकास संस्थाका सदस्य, विभिन्न संघ-संस्थाको प्रतिनिधिको सहभागितामा प्रभातफेरीसहित औपचारिक घोषणा हुने वडाध्यक्ष सुबेदीले बताए । पछिल्लो समय हेटौंडा उपमहानगरपालिकामा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाक्रम बढ्दो छ । यसअघि हेटौंडा-२, ४, ७, ८, ९, १०, ११, १५ र १७ गरी ९ वटा वडालाई बालमैत्री वडा घोषणा गरि सकिएको छ ।

## हाजिरीजवाफ प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ हेटौंडामा अम्बिकादेवी कार्की मेमोरियल हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको छ । जेसीआई हेटौंडाका पूर्वअध्यक्ष देवेन्द्रध्वज कार्कीको आमाको सम्झनामा हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरिएको हो ।

प्रतियोगितामा हेटौंडाका १६ वटा विद्यालयका विद्यार्थी सहभागी थिए । तीमध्ये हेटौंडा क्याम्पस प्रथम, जीएस. निकेत द्वितीय र तुलसीमेयर मेमोरियल मावि तृतीय भएको थियो । प्रतियोगिता हेटौंडा जेसीज वर्ष २०२४ को अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

## राक्सिराङमा गाँजा फँडानी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ मकवानपुरमा गाँजाखेती फँडानीका लागि नेपाल प्रहरी सक्रिय बनेको छ । प्रहरीले मकवानपुरको राक्सिराङ गाउँपालिकाको ५ र ९ नम्बर वडामा आइतबार र सोमबार व्यापक गाँजा र अफिमखेती फँडानी गरेको हो ।

गाँजा फँडानीका लागि प्रहरीनिरीक्षक बीरेन्द्र रायमाझीको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोली, प्रहरीचौकी कान्द्राङ र चैनपुर प्रहरीचौकीबाट टोली खटिएको थियो । प्रहरीले आइतबार राक्सिराङ ९ को खैराङमा करिब २० बिगाह र राक्सिराङ ५ मा करिब १० बिगाहा क्षेत्रको गाँजा फँडानी गरेको प्रत्यक्षदर्शीले बताएका छन् । सोमबार पनि प्रहरीले गाँजासहित अफिमखेती पनि नष्ट गरेको बताइएको छ ।

अवैध लागुऔषधको रुपमा रहेको गाँजाखेतीको विकल्पका विषयमा पटकपटक छलफल भएता पनि त्यसले मूर्त रुप पाउन सकेको छैन । गाँजाखेती गर्नु आफूहरुको रहर नभई बाध्यता भएको स्थानीयले बताउने गरेका छन् । मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिका क्षेत्रमा बर्सेनि गाँजा र अफिमको खेती हुने गरेको छ ।

## विपन्न परिवारलाई न्यानो कपडा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/थाहा नगरपालिका वडा नम्वर २, ३ र ४ मा रहेका विपन्न परिवारलाई न्यानो कपडा वितरण गरिएको छ । उत्तरी मकवानपुरमा रहेको पालुङ जेसीजको जेसीज सप्ताहअन्तर्गत तेस्रो कार्यक्रममा थाहा नगरपालिकामा रहेका ५ जना विपन्न परिवारलाई न्यानो कपडा वितरण गरिएको अध्यक्ष निरज रायमाझीले जानकारी दिए ।

चिसो मौसममा न्यानो कपडा पाउँदा विपन्न परिवारको अनुहारमा खुशी छाएको थियो । पालुङ जेसीजका निवर्तमान अध्यक्ष संगम कार्कीले सौजन्य गरेका थिए । कार्यक्रममा मूलकार्यक्रम संयोजक मानसिं दोङ, सहमूल कार्यक्रम संयोजक नारायण कार्की, पूर्वअध्यक्ष, वर्ष २०२४ का बोर्डका पदाधिकारीको उपस्थिति रहेको थियो । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत मङ्सिर १२ गते बुधबारका दिन वक्तृत्वकला प्रतियोगिता सञ्चालन हुनेछ ।

## मुख्यमन्त्रीले भने-थाहाको पर्यटन विकास सघाउन प्रदेश सरकार तयार



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले थाहा नगर पालिकाको समृद्धिको लागि कृषि र पर्यटन क्षेत्रमा जोड दिनुपर्ने बताएका छन् ।

गोरखनाथ संवत् २८१८ को अवसरमा थाहा नगरपालिका-३ डाँडागाउँमा गोरखनाथ कल्याण केन्द्रले आयोजना गरेको गोरखसंवत्को उपलक्ष्यमा आयोजित कार्यक्रममा मुख्यमन्त्री लामाले थाहानगर प्रदेश सरकारको विशेष प्राथमिकतामा रहेको बताए । नगर पालिकालाई धार्मिक तथा कृषि पर्यटनको रुपमा लैजान प्रदेश सरकार तयार रहेको उनले उल्लेख गरे । मुख्यमन्त्री लामाले गोरखनाथ मन्दिर आउने सडकको स्तरोन्नतिको लागि स्थानीय सरकारलाई डिपिआर सहित प्रदेश सरकार समक्ष आउन आग्रह गरे ।

कार्यक्रममा थाहा नगर उपप्रमुख भरत गोपालीले गोरखनाथ मन्दिरसम्म आउने सडक र पूर्वाधारको लागि बजेट बिनियोजन गरिदिन मुख्यमन्त्री लामासँग अनुरोध गरेका थिए । कार्यक्रमको अवसरमा पालुङमा निर्मित वायुमण्डलीय शक्तिपीठको निर्माणमा अतुलनीय योगदान दिएको भन्दै गोरखनाथ कल्याण केन्द्रले थाहानगरका युवा समाजसेवी तथा निर्माण व्यवसायी राजनप्रसाद ढकाल र शम्भुसिं कार्कीलाई सम्मान गरेको थियो ।

केन्द्रका अध्यक्ष फणिप्रसाद रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गोरखनाथ कल्याण केन्द्रका संरक्षक अनन्तप्रसाद खनाल, नेपाली कांग्रेसका नगर सभापति प्रमोदकृष्ण जोशी, वडा न ११ का वडाअध्यक्ष दिनेश बललगायत अतिथिको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# रैथाने माछा संरक्षण खोई ?

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र, हेटौंडाले मकवानपुरगढी र हेटौंडाको दुई विद्यालयका विद्यार्थीलाई जलीय जैविक विविधताको महत्वबारे जानकारी प्रदान गरेको छ । केन्द्रले मकवानपुरगढी-२ शिखरकटेरीमा रहेको चण्डिका माध्यमिक विद्यालय र हेटौंडा-८ कमानेमा रहेको चन्द्रोदय माध्यमिक विद्यालयमा अध्ययनरत एकसय बढी विद्यार्थीलाई विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरेको हो । जलीय जैविक विविधताको महत्वबारे विद्यार्थीलाई बुझाउन थालिएको खवर सकारात्मक हो । तर, यो दुईवटा विद्यालयमा रहेका विद्यार्थीलाई मात्रै जानकारी दिएर यसको प्रभावकारीता आंकलन गर्न सकिन्न । मकवानपुरका एकसय ४९ वटा सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ९ र १० मा अध्ययन गर्ने करिव १० हजार विद्यार्थीमा यो शिक्षा पुऱ्याउन सकेको खण्डमा प्रभावकारिता देखिन्थ्यो । पछिल्लो समय हराउँदै गएको प्राकृतिक जलाशय र लोप हुँदै गएका जलीय प्राणीको संरक्षण गर्न त्यसको महत्वबारे सरकारी विद्यालयका विद्यार्थीलाई जानकारी दिन थालिएको बताइएको छ ।

हेटौंडाको राप्ती र कर्रा खोलामा करेन्ट लगाएर माछा मार्ने काम भएका कारण कतिपय जलचर लोप भइसकेको अवस्था छ । राप्ती खोलामा पाइने रैथाने जातका माछा लोप भएको छ । माछा मार्ने ब्यक्तिले खोलामा बिषादि हाल्ने र बिष्फोटकपदार्थ प्रयोग गर्ने, करेन्ट लगाउने काम रोक्न स्थानीय प्रहरी, प्रशासन, स्थानीय सरकार, जनप्रतिनिधि, नागरिक समाज सबैले ध्यान दिनै पर्छ । यो समस्या राप्ती र कर्रामा मात्र होइन । मकवानपुरको मनहरी, लोथर, सिमात, बकैया, सामरी, थाहानगरका खोलाहरु, कैलाशमा रहेका कालीखोला, गोराङ्दी खोलामा पनि माछा मार्ने ब्यक्तिले करेन्ट लगाउने, बिषादि हाल्ने, बिष्फोटक पड्काउने कारण जलचर संकटमा परेको हो । मत्स्यक्षेत्रमा लगानी वृद्धि: खाद्यसुरक्षा, दिगो विकास र समृद्धि भन्ने मुलनाराकासाथ विश्व मत्स्य दिवसको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत सरकारी विद्यालयका विद्यार्थीलाई जलीय जैविक विविधताबारे जानकारी दिइएको बताइएको छ । चण्डिका मावि र चन्द्रोदय माविमा प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्रले माछाको जात, माछा र मानवस्वास्थ्य, जलचर संरक्षण ऐन, विश्व मत्स्य दिवसको पृष्ठभूमि र नेपालमा माछाको अवस्थाबारे विद्यार्थीलाई अभिमुखीकरण गरेको हो । नेपालमा २५२ प्रजातिका माछा पाइने जानकारी दिइएको छ । जसमध्ये १६ प्रजातिका माछा नेपालमा मात्रै पाइने रैथाने माछा हो । जलस्रोतमा हुने प्रदूषण रोक्न र जलीय जैविक विविधता संरक्षण गर्न विद्यार्थीको महत्वपूर्ण भूमिका हुन्छ । जलवायु परिवर्तनको असरबाट मत्स्यक्षेत्र बढी प्रभावित हुने प्राबिधिकहरु बताउँछन् । जैविक विविधता पनि संकटमा पर्दै गएको छ । हेटौंडाको राप्तीखोलामा पहिले-पहिले पाउने गरेको माछा हिजोआज लोप भएको छ । रैथाने जातका माछा अहिले हराउँदै गएको र माछा मारेर जीविका चलाउने वर्गको पेशा संकटमा परेको छ ।

जल र जलीय प्राणीको संरक्षण गर्ने दायित्व सबैको भएपनि यसमा खासै ध्यान दिइएको छैन । नेपालमा पाइने २५२ प्रजातिका माछामध्ये ११ प्रजातिको व्यावसायिक उत्पादन हुने गरेको छ । प्राकृतिकरुपमा मात्रै रहेका केही प्रजातिका माछा नेपाल सरकारले प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रमा प्रजनन गरेर संरक्षण गरेको छ । तर, खोला तथा नदीमा बढ्दो मानवीय गतिविधि र पूर्वाधार निर्माणका कारण रैथाने माछा लोप हुने खतरा बढेको छ । नेपाल सरकारको जलचर संरक्षण ऐनको दफा ३ मा कुनै व्यक्तिले पनि कुनै जलमा रहेका कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानीजानी जल वा आसपासमा कुनै किसिमको विद्युतीय धार (करेन्ट), विष्फोटकपदार्थ वा विषालुपदार्थको प्रयोग गर्न नपाउने व्यवस्था गरेको छ । यसो गरेमा र गर्न दुरुत्साहन गरेमा प्रमुख जिल्ला अधिकारीको आदेशले कसूरको मात्रा हेरी हानिनोक्सानी भएकोमा बिगो बराबरको क्षतिपूर्ति भराई ६ महिना कैद वा पाँच हजार रुपैयाँ जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरेको छ । तर, कानूनमा भएको यो धारा ब्यवहारमा लागू हुन सकेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १३ गते बिहीबार २८ नोभेम्बर २०२४ । त्रयोदशी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३६, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भूमिबाट लाभ लिने समय छ | तुला | : लेनदेनमा विवाद हुनेछ |
| वृष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | वृश्चिक | : धार्मिक कार्यले फाइदा हुनेछ |
| मिथुन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | धनु | : मन खिन्न बनाउन सक्छ |
| कर्कट | : काममा परिवारको सहयोग मिल्नेछ | मकर | : दिन उत्साहपूर्ण बन्नेछ |
| सिंह | : स्वास्थ्यमा कमजोरी हुनेछ | कुम्भ | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कन्या | : उपचारमा खर्च हुनेछ | मीन | : व्यावसायिक यात्राको सम्भावना छ |

# बदलिँदो परिस्थितिमा 'मानार्थ महारथी'को औचित्य



✍ मोहन काजी

कुनै पनि सार्वभौम राष्ट्रको आफ्नै भूगोल, नागरिक, संविधान, सरकार र सेना हुन्छ । केही अपवाद बाहेक विश्वमा राष्ट्रिय सेना विनाको राज्य छैन भने हुन्छ । यही अर्थपूर्ण संरचनाका कारण राज्यहरूले सार्वभौमसत्ता रक्षा गर्ने अन्तिम घेराको महत्वपूर्ण युनिट भनेर सेनालाई भनिन्छ । नेपालमा विभिन्न कालखण्डमा आन्तरिक द्वन्द्व हुँदा विभिन्न दलले आफ्नै सशस्त्र समूह बनाए पनि तिनले कहिल्यै राष्ट्रिय स्वरुप पाएनन् । उल्टो धेरैजसो प्रक्रियागत रूपमा नेपाली सेनामा नै समाहित भए । नेपालको संविधानले राज्य व्यवस्था सञ्चालनको विधि निर्देशित गर्दछ भने सेनाले मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षा गर्ने जिम्मेवारी पाएको छ ।

२००७ सालमा राणाशासन फाल्न नेपाली कांग्रेसले मुक्ति सेना परिचालन गरेको थियो । युद्धकालमा माओवादीले आफ्नै जनमुक्ति सेना खडा गरेको थियो । ०७ सालपछि भीमदत्त पन्तले पश्चिम नेपालमा छुट्टै फौज बनाएका थिए । नेपाल एकीकरणपछि पहिलो विद्रोही सेना लखन थापाले बनाएको मानिन्छ । ती सबै विद्रोही लडाकु कार्यकर्ता थिए, राष्ट्रिय सेना थिएनन् । नेपाली सेना कहिल्यै विद्रोह र विभाजन नभएको इतिहास बोकेको विश्वकै पुरानो मध्येको सेना हो । बरु यसले अंग्रेजकालीन भारतमा भएको सैन्य विद्रोह दबाउन सघाएको थियो । राणा शासक जंगबहादुर १७ हजार फौज लिएर भारतमा भएको सिपाही विद्रोहलाई दमन गर्न आफैं लखनऊ पुगेका थिए ।

विद्रोह दबाउन सफल भएको पुरस्कार स्वरुप अंग्रेजहरूले बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फर्काएको थियो । चीन विरुद्ध परिचालित खम्पा विद्रोहलाई नेपाली सेनाले निरस्त्रीकरण गरेको थियो । नेपाली सेना विश्व शान्तिमा योगदान पुऱ्याइरहेको संयुक्त राष्ट्रसंघको शान्ति सेनाको मुख्य अंग पनि हो । इतिहासमा राजाहरूले स्थापना गरेको सेना भएकाले यसलाई पहिले राजाको बफादार सेना मानिन्थ्यो । पछि राणा शासकहरूले आफ्नो हुकुममा चलने बनाए । राणाशासनको अन्त्यपछि सेनामाथि फेरि राजाहरूकै हालीमुहाली चल्यो । गणतन्त्र स्थापनापछि 'शाही नेपाली सेना' 'नेपाली सेना' भएर जननिर्वाचित सरकार मातहतमा आयो ।

दलीय राजनीतिक शासन प्रणालीमा सेना आन्तरिक राजनीतिक स्वार्थ भन्दा माथि रहन्छ । सार्वभौम राष्ट्र भएकाले नेपाली सेनाको नीति तथा कार्यक्रमहरू सार्वभौम मुलुकको प्रतिनिधित्व गर्न सुहाउँदो हुनुपर्छ । नेपालले असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ । पञ्चशीलद्वारा निर्देशित नेपालको परराष्ट्र नीतिकै कारण नेपालले कुनै पनि मुलुकसँग सैन्य गठबन्धन गर्दैन र पक्षधरता लिदैन ।

तर, नेपालमा परम्पराको नाममा छिमेकी भारतका सेनाध्यक्षलाई मानार्थ महारथीको सम्मान दिने क्रम वर्षौंदेखि जारी छ । यो सम्मान हाम्रो मुलुकको सार्वभौमसत्ताको मर्म, परराष्ट्र नीति र जनभावना विपरीत देखिन्छ । यसै साता भारतका स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदी नेपाल भ्रमणमा आएका थिए । उनले राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाली सेनाको मानार्थ महारथीको सम्मान प्राप्त गरे ।

मानार्थ नै भनिए पनि त्यो पद महारथी नै थियो । अर्को देशको सेनाको प्रमुख कसरी नेपालको महारथी सम्मान पाउन योग्य हुन्छ ? भन्ने प्रश्न जो-कोहीको मनमा उठ्छ । मानार्थ महारथीको पदवी दिने यो चलन विश्वकै उदाहरणीय पनि भनिएको छ । भारतले पनि नेपालका प्रधान सेनापतिलाई मानार्थ महारथीको सम्मान दिंदै आएको छ । यस्तो सम्मान नेपाल र भारत बाहेक अर्को राष्ट्रमा पाइन्न, त्यो सही हो । तर कुनै पनि अभ्यास उदाहरणीय हुन उपलब्धिपूर्ण र औचित्यपूर्ण हुनुपऱ्यो । वर्षौंदेखि चलेको यो चलन उदाहरणीय भएको भए नेपाल र भारतले यसबाट देख्न सकिने प्रशस्तै लाभ पाएको हुनुपर्थ्यो । मित्रराष्ट्रहरू बीच सम्मान र सद्भावना साटफेर हुनु सम्बन्धका दृष्टिले सुखद् मानिएला । तर, सम्मानहरू देखावटी मात्र भइदिए भने त्यसको औचित्य रहन्न ।

नेपाल-भारत बीचको सम्बन्ध अरू मुलुकको भन्दा भिन्न र जनस्तरसम्मै मित्रवत् रहेकोमा दुईमत छैन । मानार्थ महारथी सम्मानको आदान-प्रदानले दुई मुलुक बीच सम्बन्धलाई सुमधुर र उपलब्धिपूर्ण बनाउन थप के योगदान दिएको छ ? हामी बुँदागत रूपमा भन्न सक्दैनौं । विश्वमा बेलायतको राजा वा रानीलाई केही पूर्व उपनिवेश मुलुकहरूले पनि आफ्नो मुलुकको पनि राजा वा रानी मान्छन् । उपनिवेशकालमा एउटै शासन भएको मुलुकका नाताले उनीहरूले मानेका हुन् । त्यस्तो प्रथाले सार्वभौमसत्ताको अपमान भयो भनेर अस्ट्रेलियामा त विरोध नै भएको छ । राष्ट्रप्रमुख एउटै व्यक्ति या संस्थालाई मान्ने ती मुलुकमा पनि राष्ट्रिय सेनाको महारथी आफ्नै मुलुकको मात्रै छन् ।

विश्वमा सैन्य गठबन्धनका कारण दर्जनौं मुलुकमा दुई देशका सेनाबीच भिन्नता छुट्याउन मुस्किल हुन्छ । यूरोपमा उत्तर एट्लान्टिक सैन्य गठबन्धन (नेटो) का सदस्य मुलुकहरू बीच आपसी सैन्य सम्बन्ध अति घनिष्ठ रहेको छ । तर, कुनै मुलुकले अर्को मुलुकलाई मानार्थ महारथीको सम्मान दिएको पाइँदैन । एउटै चीन भएर पनि मूलभूमि र ताइवानका सेनाध्यक्ष बेग्लै छन् ।

एक सार्वभौम राष्ट्र र अर्को उस्तै राष्ट्रका बीच केही स्पष्ट भेदहरू हुनुपर्छ । सेनाको हकमा मात्रै होइन सरकारका हकमा पनि त्यो सार्वभौम मान्यता हो । राष्ट्रप्रमुख, सरकार प्रमुख, सेनाका प्रमुख लगायत राजकाजका शीर्षस्थ ओहोदामा बसेकाहरूलाई दिइएको सम्मान व्यक्तिले पाएको सम्मानमा सीमित हुन्न । मुलुकको प्रतिनिधित्व गरेर आउने पाहुनाहरूलाई 'गार्ड अफ अनर' (सम्मानगारथ), उच्च तहको पदवी र रात्रिभोजले सम्मान गरिने प्रचलन छँदैछ । तर, नेपाल र भारतबीच सेनाकै प्रमुखको पदलाई मानार्थ भन्दै सम्मान स्वरुप लिने-दिने असुहाउँदो चलन रहिआएको छ ।

केही ओहोदाहरू मानार्थकै रूपमा पनि अर्कालाई दिइनुहुँदैन । राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रधान सेनापति जस्ता पदहरू ख्यालठट्टाका विषय होइनन् । यी पदमा कुनै मानार्थ सिर्जना गर्न सकिन्न र अर्को मुलुकको व्यक्तिलाई दिने भन्ने त कुरै हुन्न । नेपाली सेनाको कमान्डरलाई प्रधानसेनापति या महारथी भनिन्छ । नेपाली सैन्य संरचनामा सर्वोच्च पद परमाधिपति हुन्छ । राष्ट्रपति नै नेपाली सेनाको परमाधिपति हुन् । त्यसपछिको सेनाको ठूलो पद भनेको प्रधानसेनापति या महारथी नै हो । महारथीले नै नेपाली सेनाको कानूनी ढंगबाट सम्पूर्ण अह्रनखटन गर्छन् ।

यस्तो संवेदनशील पदलाई पनि मानार्थ सम्मानको रूपमा अर्को मुलुकको प्रधान सेनापतिलाई दिने भन्ने कुरा कसरी औचित्यपूर्ण हुनसक्छ ? जबकि सुरक्षा छाताभित्र रहेको भूटानले समेत भारतका सेनाध्यक्षलाई यस्तो सम्मान दिएको छैन । चीन र भारत दुवै मुलुक नेपालका लागि उत्तिकै मित्रराष्ट्र हुन् । चीनका सेनाध्यक्षलाई यस्तो सम्मान दिने गरिएको छैन । चीनले त्यस्तो सम्मानको अपेक्षा गरेको पनि सुनिएको छैन । यस्तो औचित्य पुष्टि नहुने सम्मानको खारेजीले नेपाल र भारत बीचको सम्बन्धमा कुनै नकारात्मक असर पनि पुऱ्याउँदैन । भारतको कश्मिरदेखि अरुणाचलसम्म गोर्खा सैनिकले भारतको सार्वभौमसत्ताको रक्षाका निम्ति बलिदान गरिरहेका छन् । गोर्खा सैनिकले दिएको योगदान सुहाउँदो भारतीय पक्षबाट नेपालका लागि के भएको छ ?

सन् १९५० को सन्धिपछि यो सम्मान दिन थालिएको देखिन्छ । सैन्य कूटनीतिका लागि फाइदाजनक छ भनेर भनेको सुनिन्छ । वर्षौंदेखि मानार्थ महारथीको सम्मान लिने-दिने काम भइरहँदा पनि कालापानीबाट भारतीय फौजको अतिक्रमण हट्यो त ? हटेन । त्यहाँ सैन्य कूटनीतिले कुनै काम गरेको देखिएन ।

कुनै पनि देशको सेना त्यहाँको सत्ताद्वारा निर्देशित र परिचालित हुन्छ । सैन्य सत्तामा मात्र सेनाले एकल निर्णय गर्दछ । भारतसँग मात्र होइन, नेपाल आफ्ना सबै मित्रराष्ट्रहरूसँगको सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वका आधारमा सुमधुर राख्न चाहन्छ । मानार्थ महारथीको सम्मानले कुनै एक मुलुक 'विशेष' र अरू 'सामान्य' भन्ने अर्थ लाग्छ त्यसकारण पनि यो प्रचलन ठिक छैन । सबै परम्परा धान्नै पर्छ भन्ने हुँदैन । नेपाली सार्वभौमिकता र स्वाधीनताको इतिहास भारतभन्दा धेरै पुरानो छ । नेपाल कहिल्यै कुनै मुलुकको गुलाम भएन । कहिल्यै पराधीन नभएको विश्वको दुर्लभ स्वाधीन मुलुक हो नेपाल । हाम्रा निकट छिमेकीहरू भारत र चीन पनि कुनै कालखण्डमा अर्कै राष्ट्रको अधीनस्थ थिए ।

समय र परिस्थिति अनुसार पुराना परम्परा बदलिएर नयाँ बन्छन् । नेपालमा राणा र राजाको प्रत्यक्ष शासनकालमा शासकको हुकुम नै कानून हुन्थ्यो । राजाकालमा राजाका छोराछोरीले जन्मँदै शाही नेपाली सेनाको अतिरथीको मानार्थ सम्मान पाउँथे । राजाको निजी जग्गा जस्तो हुन्थ्यो देश । बिर्ता भन्दै नातेदारलाई जग्गा बाँड्ने चलन थियो । त्यहीबेला सामरिक दबाब र उद्देश्यले यो मानार्थ महारथीको प्रचलन शुरू भएको बुझ्न सकिन्छ ।

सुगौली सन्धिपछि मुलुकको भूराजनीतिक सम्बन्धमा दर्विलो प्रभाव पार्ने सन् १९५० को अर्को सन्धि भयो । २००७ साउन १६ गते भएको यो सन्धि नेपालमा प्रजातन्त्र ल्याउन आन्तरिक विद्रोहको आगो दन्किरहेको बेला अंग्रेजलाई रिझाउन राणा शासकहरूले गरेका थिए । राणा प्रधानमन्त्री मोहनशमशेरले यसमा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गरेका थिए । यही सन्धि पश्चात् भारतीय सेनाध्यक्षलाई नेपालले महारथीको मानार्थ सम्मान दिने असुहाउँदो प्रचलन बस्यो । सन् १९५० को नेपाल र भारतबीच भएको शान्ति तथा मैत्री सन्धि पश्चात् नेपालमा कोशी र गण्डक जस्ता असमान सन्धिहरू भए । नेपाली भूमि अतिक्रमण गरी कालापानीमा भारतीय फौज बस्यो, जो अहिलेसम्म हटेको छैन ।

राजा त्रिभुवन, महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्रले पनि यो महारथी दिने प्रथा हटाएनन् । राजाको शासनकालमा राजाहरूले देश, सेना र राज्यको ढिकुटी निजी ठान्थे । सरकारलाई नै 'मेरो सरकार' भन्थे । नागरिकलाई 'मेरा प्रजा' भन्थे । तर, अहिले नेपालको सार्वभौम शक्ति नेपाली जनतामा निहित भइसकेको छ । त्यसैले बदलिएको परिस्थितिमा यस्ता प्रथाहरू खारेज हुनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# भान्छामा नै छ बालबालिकाको पौष्टिक भोजन

✍ डा अरूणा उप्रेती

अभिभावकहरुले यदि आफ्ना, शिशु र छाराछोरीलाई माया गर्नुहुन्छ भने उनीहरुलाई धेरै नयाँनयाँ लुगा, नयाँ मोबाइल दिनुभन्दा उनीहरुको भोजन कति पौष्टिक छ भन्ने कुरामा बढी ध्यान दिनुपर्छ । साना शिशु र बालबालिकाको स्वास्थ राम्रो पार्न र उनीहरुलाई रोगसँग लड्ने शक्ति दिलाउन बाहिरका प्याकेटका खाना, सिसीमा राखेका महङ्गो खाना, उचाइ र बुद्धि बढाउने भनेर विज्ञापन गरिएका गलत खाना होइन, आफ्नो भान्छामा जे छ त्यसैलाई शिशुको रुचिअनुसार र उसले खानसक्ने गरी बनाएर दिनुपर्छ ।

अहिलेका बालबालिका आमाबुबाले माया गरेर बाहिरका खानेकुरा दिएको देख्दा दुःख लाग्छ । एउटा त यसले बच्चाको स्वाथमा नराम्रो असर पार्छ, अर्कोतिर बच्चाले जीवनभरको लागि घरको खानाभन्दा बाहिरको खाना उत्तम हुन्छ भन्ने सिक्छ । अनि युवावस्था नपुग्दै उच्च रक्तचाप, मधुमेहको शिकार हुन्छ । प्याकेटका खानेकुरालाई राम्रोसँग सुरक्षित राख्न बढी नून र चिनी दुबै हालेको हुन्छ । बच्चाको सानो मृगौलामा त्यसले नराम्रो असर पर्छ । जब स्कुल जाने केटाकेटीको खाना बट्टामा बाबुआमाले नै खाजाको रुपमा चाउचाउ, बिस्कुट, कुरमुरे, दुनोट हालेको देख्छु मेरो मन कटक्क काट्छ । कतिलाई त भन्ने गर्छु, 'तपाईंले बच्चालाई मन परेको भनेर यस्ता खाना दिनुहुन्छ । तर यसले त बच्चालाइ मन्द विषको काम गर्छ । मिर्गौला, मुटु, आद्रा सबै विस्तारै खराब हुँदै जान्छ ।' यसो भन्दा कतिले 'ए हो र १ हामीलाई थाहा थिएन' भनेर बच्चाको हातबाट खोस्छन् पनि, कतिले चाही पर्ल्लक्क आँखा पल्ट्याउँदै भन्छन्, 'तपाईलाई के चासो, मेरो छोराछोरीलाई म जे मन लाग्छ दिन्छु ।'

कतिले चाँही 'हो हामीलाई थाहा छ, तर के गर्नु बच्चाले रोएर, मान्दैमान्दैन, अनि दिक्क लागेर दिन्छु' भन्छन् । त्यस्ता बाबुआमालाई मेरो एउटै प्रश्न हुन्छ, 'के तपाईको बच्चाले रक्सी र चुरोट खान्छु भनेर लडीबुडी गरे दिनुहुन्छ ?' तुरुन्तै जवाफ आउँछ, 'अहँ, दिन्न नि, त्यो त स्वास्थ्यको लागि खराब हुन्छ ।' भन्छन् अनि म भन्छु' हो, त्यसरी नै यस्ता प्याकेटका खानाले तपाईंको बच्चालाई हानि गर्छ । भोलि स्वस्थ्य युवायुवती बन्नुको सट्टा उनीहरु रोगी बन्छन् ।' गाउँ र शहरमा बालबालिका र शिशुको खानेकुरा भनेर महँगो बट्टा र प्याकेटमा बेचेको देख्दा प्राय: बाबुआमाले हो त नि त्यस्तै खाना बच्चालाई दिए बच्चा शारीरिक र मानसिक रुपमा स्वस्थ बन्छ भन्ने विचार राख्छन् । कतिले भन्छन् 'हाम्रो भान्छामा त शिशुलाई खुवाउनयोग्य वस्तु नै छैन ।' अनि कतिचोटी सञ्चारमाध्यमहरुमा बजारका प्याकेटका खानाको विज्ञापन आउँछ, 'बच्चा एक वर्षको भएपछि घरको खानाले पुग्दैन । घरको खानामा प्रोटीन र भिटामिन हुँदैन । त्यसैले प्याकेटका खाना नै खुवाउनुपर्छ ।'

विज्ञापनको प्रभावमा परेर यस्ता प्याकेटका खाना बच्चालाई दिनु हुँदैन । यस्ता खाना त गहुँ, चामल, मकैबाट नै बनाइएका हुन्छन्, जुन हाम्रो घरमा हुन्छन् नै । प्याकेटमा राखेपछि यसको मूल्य बीसौं गुना बढ्न जान्छ । फेरि यस्ता प्याकेटमा राखेका अन्न कुहिएका वा म्याद नाघेको हुन्छन् कसलाई थाहा नै हुँदैन । त्यसैले शिशु र बालबालिकालाई आफ्नै भान्छाको खाना दिनपर्छ । पास्नीपछि जब शिशुलाई अन्न दिन सुरु गरिन्छ, त्यसपछि थोरै थोरै चामलको पिठोको हलुवा खुवाउन सकिन्छ । शिशुलाई खान दिंदा उसलाई पहिले स्वाद लाग्दैन । सुरुसुरुमा थु थु गर्छ होला, तर विस्तारै धैर्यपूर्वक खुवाउनै जानुपर्छ । शिशुले खाएन भनेर धेरै चिनी हालेर खुवाउँदा एकछिन त शिशुले खान्छ तर चिनीले उसको स्वास्थमा राम्रो प्रभाव पार्दैन । चामलको पिठो, गहुँको पिठो आदिबाट हलुवा, लिटो बनाएर शिशुलाई खुवाउन शुरु गर्न सकिन्छ । गहुँ र चामलका पिठो, सुजी त प्रत्येकको भान्छामा हुन्छ ।

एक चम्चाबाट खुवाउन शुरु गरेर विस्तारै बढाउन सकिन्छ । शिशुको पेट सानो हुन्छ, त्यसैले एकैपल्ट धेरै खुवाउनु हुँदैन भन्ने हेक्का त राख्नै पर्छ । आलुलाई उसिनेर लिटो जस्तो बनाएर शिशुलाई खान दिने चलन त पुरानै हो । आलु शिशु र बालबालिकाको लागि शक्ति र विभिन्न किसिमका भिटामिन दिने राम्रो भोजन हो । तर आलुलाई बेस्सरी तेलमा तारेर वा फ्रच फ्राई जस्तो गरेर दिनु हुँदैन । शिशुलाई रक्तअल्पता नहोस् भनेर ध्यान पुर्‍याउनै पर्छ । भटमासको पिठो, बदामको पिठो अलिकता दूधमा पकाएर दिनाले शिशुको शरीरमा प्रोटिन पुग्छ । गाउँघरको चलनअनुसार फलामको भाँडामा पकाएको खानेकुराले शिशुलाई फाइदा गर्छ । विभिन्न प्रकारका दाल, भुटेर, चामल र मकै पनि भुटेर त्यसको सर्वोत्तम पिठो बनाएर त्यो दूध वा पानीमा पकाएर हलुवा वा मोहनभोग जस्तो गरेर दिन सकिन्छ । शिशुलाई दिनभरिमा पाँच-छ पटक खुवाउँदा शिशुको स्वास्थ राम्रो हुन्छ ।

खाना खुवाउँदा शिशुलाई गाली गरेर, तर्साएर, पिटेर जबर्जस्ती कोच्याएर खुवाइयो भने त्यसले शिशुको शरीरिक र मानसिक दुवै स्वास्थमा नराम्रो असर गर्दछ । कति जनाले शिशुलाई एक-दुई चोटी खुवाउन कोशिस गर्दा नखाएपछि, 'आ, फुर्सद छैन । पछि खाइहाल्छ' भनेर बेवास्ता गरिदिन्छन् । यसरी हरेक दिन शिशुले लामो समय भोको बस्यो भने उसलाई कुपोषण, रक्तअल्पता, विभिन्न खनिज पदार्थको कमी हुनसक्छ । शिशुलाई रक्तअल्पता भयो भने उसको रोगसँग लड्ने शक्ति पनि कम भएर जान्छ र बारम्बार रुखाखोकी लाग्ने, छातीमा सङ्क्रमण हुने हुन्छ । साथै, उनीहरुको नयाँ कुरा सिक्ने क्षमता पनि कमी हुन्छ ।

शिशुहरुलाई आफ्नो शरीरको जति तौल हो, त्यो अनुपातमा तीन-चार गुना बढी प्रोटिन जरुरत पर्छ । उदाहरणको लागि, आठ किलो तौल भएको शिशुको लागि २४-३२ ग्राम प्रोटिन चाहिन्छ । तर यो कुनै औषधि वा क्याप्सुलको माध्यमबाट दिएर हुँदैन, भोजनबाटै नै दिइनुपर्छ । घरमा पाइने दलहन, गहुँ, कोदो, फापरको पिठो उचित तरिकाले पकाएर खान दिंदा शिशुले पोषण प्राप्त गर्छ । यी वस्तुमा भिटामिन, फोलिक एसिड, भिटामिन सी आदि पनि हुन्छन् अर्थात शरीरलाई चाहिने पौस्टिक तत्व सहजै पाइन्छ ।

रक्तअल्पता नहोस् भनेर सफा गरिएको हरियो सागलाई फलामको भाडामा पकाएर त्यसलाई हातले मुछेर अलिकता कागती हालेर खुवाउँदा सागमा रहेको लौहत्व शरीरमा राम्रोसँग शोषण हुन्छ । अहिले प्रेसरकुकरमा साग वा दाल पकाउँदा सफा फलामको डल्नो हालेर पकाउने चलन पनि छ । अमेरिकाबाट निस्किएको 'डाक्टर नभएमा' भन्ने प्रसिद्ध किताबमा प्रेसरकुकर नहुने ठाउँमा एउटा गिलासमा सफा पानीमा फलामको टुक्रा राख्ने र आधा घन्टापछि फलामको टुक्रा झिकेर कागतीको रस राखेर कही बेर छोडिदिनु र केही समय पछि त्यसको पानी प्रयोग गर्दा पनि लौह तत्व शरीरमा प्राप्त हुन्छ भनेर लेखिएको छ ।

शिशुलाई दिने लिटो फलामको भाँडामा पकाउन सकियो भने पनि लौहतत्व प्राप्त हुन्छ । दूध शिशुको लागि राम्रो भोजन हो वा त्यसमा लौह तत्व हुँदैन । यदि दूधलाई फलामको भाँडामा उमालेर शिशुलाई खान दिइयो भने त्यसबाट पनि शिशुलाई लौहतत्व प्राप्त हुन्छ । शिशु एक वर्षको भएपछि अलिकता दाँत आउन थालेपछि जब केही टोक्न खोज्छ उसलाई सानो, टुक्रा गाजर टोक्न दिन सकिन्छ । शिशुलाई गाजर, फर्सी, लौका आदि उसिनेर, मुछेर गिलो बनाएर दिन सकिन्छ । यी सबै तरकारी विभिन्न खनिज तत्वले भरिपूर्ण हुन्छन् र यसको प्रयोगले गर्दा शरीरमा रेशादार पदार्थ पनि पुग्छ । रेशादार पदार्थले शिशु र बालबालिकालाई कब्जियतबाट बचाउँछ ।

कतिपय बाबुआमाले बच्चालाई बाहिरका भिटामिन, क्याल्सियम, प्रोटिन आदि औषधिको रुपमा खान दिनुपर्छ भन्ने विश्वास गर्छन् । अनि बच्चाका लागि भिटामिनका ठूलाठूला बोतल किनेर ल्याउँछन् र बच्चालाई राम्रो स्वास्थ्य दिएका छौं भनेर खुशी हुन्छन् । तर ५० वर्षअघि जब नेपालमा भिटामिनका सिसी पाइँदैनथ्यो, हाम्रा बाबुआमाले त हामीलाई राम्रो स्वास्थ हुर्काएका थिए । यो घरकै खानाबाट सम्भव भएको हो भन्ने कुरा बिर्सन हुँदैन । गाउँघरमा अहिले कतिपय आमाले चाउचाउ, बिस्कुट, कुरमुरे आदि अनेकथरिका भिटामिन पाइन्छ भनेर सुनेका हुन्छन् र उनीहरुले छ महिनाको शिशुलाई चाउचाउ पकाएर दिन्छन् । मेरो मन काटिन्छ । यस्तो देखेको बेलामा त अभिभावकलाई भन्छु प्याकेटको कुराले तपाईको बच्चाको स्वास्थ साह्रै नराम्रो पार्छ, नदिनोस् । उनीहरु छक्क पर्छन्, कतिले त मैले झुटो बोलेको ठान्छन् । कुपोषित बालबालिकालाई अस्पतालमा लैजादा प्राय: स्वास्थकर्मी र चिकित्सकले, कुपोषणको ठीक पार्न गोली र भिटामिनका सिसीको भर पर्न हुन्न, भान्छाकै खानेकुरालाई राम्रोसँग बनाएर दिनुपर्छ भनेर त पक्कै भन्छन् तर अभियभावकले यसतर्फ ध्यान नै दिंदैनन् ।

शहरका अभिभावकहरुलाई चाहीँ शायद शिशुलाई भोजन भान्छामा बनाएर ख्वाउन फुर्सद हुँदैन, अनि बाहिरका प्याकेटका खानाको भर पर्छन् । जब बच्चा बिरामी पर्छन् तब डाक्टर र अस्पतालमा जाँदा जसरी भएपनि फुर्सद निकाल्छन् । बाबुआमा, बाजेबज्यै, दिदीदाजु सबैको जिम्मेवारी शिशु र बालबालिकाको भोजन र स्वास्थको लागि उतिकै हुन्छ । शिशु र बालबालिकालाई तरल पदार्थ दिने नाममा विभिन्न थरिका बट्टाका फलफूलका रस दिने चलन पनि बढ्दो छ । तर यस्ता जुसमा ८० प्रतिशतसम्म चिनीको मात्रा हुन्छ । यसले बच्चालाई एकछिन गुलियो स्वाद त दिन्छ तर कुनै पौष्टिकता दिदैन, हानी नै पुऱ्याउँछ । यसरी फलफुलको रस बनाउने कारखानामा कुहिएका, सडेका फलफूल पनि प्याकेटमा राखेपछि केही थाहा हुन्न । बालबालिकालाई मौसम अनुसारको कुनै पनि फलफूल अमला, अम्बा, नास्पती, आँप, लिची नै दिए स्वस्थ्य रहन मद्दत गर्छ । एउटा कुरा चाहि के विचार गर्नु पर्छ भने समय भन्दाअघि पाकेको आँप, लिची, तरबुजा आदि औषधि हालेर पकाइएका पनि हुन सक्छन् र यिनले बच्चालाई पेट दुख्न, झाडापखाला लाग्ने आदि समस्या हुन सक्छ ।

*(साभार: रासस)*

# रवि र निकिताको ५० करोड बढी कारोबारको स्रोत खोज्दै प्रहरी



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेमाथि सम्पत्ति शुद्धीकरणको मामलामा अनुसन्धान गरिरहेको प्रहरीले कम्तिमा ५० करोड रुपैयाँ बराबर कारोबारको विवरण संकलन गरेको छ । अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार, तीमध्ये केही रकम २०७९ सालको निर्वाचन र पुन: भएको उपनिर्वाचनका समयमा अमेरिकाबाट पठाइएको समेत भेटिएको छ । निर्वाचन आयोगले लामिछानेले उम्मेदवारी दिएको चितवन क्षेत्र नं. २ का लागि खर्च सीमा २९ लाख रुपैयाँ तोकेको थियो ।

तर, अनुसन्धानमा संलग्न अधिकृतहरुका अनुसार वेग्लै खाताबाट निर्वाचनको समयमा अतिरिक्त खर्च भएको पाइएको छ । 'चुनाव प्रचारका समयमा छुट्टै खाता खोलेर कारोबार गरिएको पाइएको छ, त्यसैले त्यतिबेला सीमाभन्दा बढी खर्च भएको थाहा भएनछ', अनुसन्धानमा संलग्न एक अधिकृतले भने, 'तर, अहिले निर्वाचन प्रयोजनका लागि चन्दा, सहयोग लगायत त्यही खातामा आउनुपर्नेमा बेग्लै खातामा रकम लिएर कारोबार गरेको भेटिएको छ ।'

यसबारे अनुसन्धान अधिकृतहरुले निर्वाचन आयोगलाई समेत जानकारी गराएर निर्वाचन कसुरमा छानबिन गर्ने तयारी गरेका थिए । तर, निर्वाचन सम्बन्धी कसुरमा अनुसन्धान गर्न ३ महिनाको हदम्याद भएकाले यस अन्तरगत जाँच अघि बढाउन नसकिएको जिल्ला प्रहरी कार्यालय, पोखराका एक अनुसन्धान अधिकृतले संचारकर्मीसँग बताए ।

'यद्यपि, उहाँ र पत्नी (निकिता पौडेल) को खातामार्फत भएको शंकास्पद कारोबार जाँच गरिरहेका छौं', कास्की प्रहरीका एक अधिकृतले भने, 'त्यसक्रममा कारोबारको स्रोत नखुल्ने थुप्रै विवरणहरु फेला परेका छन् ।' सहकारी ठगीको मामलामा मात्र अनुसन्धान भएको भए लामिछाने पत्नी निकिता छानबिनको दायरामा आउने थिइनन् । तर, सम्पत्ति शुद्धीकरणको जाँचमा अनुसन्धान अधिकृतहरुले परिवारका सबै सदस्यमाथि छानबिन गर्न पाउने हुँदा पौडेलको कारोबार पनि छानबिनमा परेको हो ।

कास्की प्रहरीका अनुसार, रवि र पत्नीको नाममा शंकास्पद कारोबार देखिएपछि नै मुद्दालाई सम्पत्ति शुद्धीकरणतर्फ लगेर लामिछानेलाई थप १५ दिन हिरासतमा राख्न अनुमति लिइएको छ । सहकारी ठगी र संगठित अपराधमा मात्रै मुद्दा चलेको भए केही दिनअघि नै लामिछानेको मुद्दा अदालतसम्म पुगिसक्ने थियो ।

जिल्ला प्रहरी कार्यालय, कास्कीका अनुसन्धान अधिकृतहरुले जाँचका क्रममा सूर्यदर्शन र बुटवलको सुप्रिम सहकारीको ऋण तिर्न लामिछानेले काटेका चेकहरु पनि बरामद गरेका थिए । त्यसक्रममा यस सम्बन्धी प्रश्नहरु समेत लामिछानेलाई सोधिएको थियो ।

'चेकहरु फेला परेपछि सम्पत्तिको मामलामा पनि अनुसन्धान गर्नुपर्ने देखियो, त्यसपछि दुवै जनाको खाताको सम्पूर्ण विवरण माग्दै नेपाल राष्ट्र बैंकलाई पत्राचार समेत गरेका थियौं', एक अधिकृतले भने, 'बैंकबाट पत्र प्राप्त भएपछि सम्पत्ति शुद्धीकरणको अनुसन्धानले गति लिएको छ ।' प्रहरीले रविसँगै उनकी पत्नी निकिता पौडेलको खातामा भएको कारोबार रकमलाई पनि शंकास्पद मानेको छ । विदेशबाट आएको रकमलाई भने अनुसन्धान अधिकृतहरुले अस्वभाविक भनेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी), नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र रवि लामिछाने माथि सहकारी ठगीको आरोपमा अनुसन्धान गरिरहेका चार प्रहरी कार्यालय सम्बद्ध स्रोतले हालसम्म करिब ५० करोड रुपैयाँ बराबरको कारोबार भेटिएको संचारकर्मीलाई बतायो । प्रहरी प्रधान कार्यालय उच्च स्रोतले पनि संचारकर्मीसँग कुरा गर्दै रविको खातामा ३५ करोड र निक्किताको खातामा १५ करोड रुपैयाँ कारोबार भएकोबारे जाँच भइरहेको पुष्टि गऱ्यो । 'यो भनेको ग्लोबल आईएमई र कुमारी बैंकको खातामाथि मात्रै अनुसन्धान हुँदै गर्दाको विवरण हो', स्रोतले भन्यो, 'थप कारोबारको विवरणबारे पनि जाँच गरिरहेका छौं, त्यसैले यो अंक बढ्न सक्छ ।'

प्रहरीले लामिछानेलाई सम्पत्ति शुद्धीकरणको मुद्दामा म्याद थप गर्न ९ मंसिरमा जिल्ला अदालत कास्कीमा उपस्थित गराएका बेला पनि ग्लोबल आईएमई र कुमारी बैंकको खातामाथि अनुसन्धान भइरहेको ब्रिफिङ गरेको थियो । प्रहरीको ब्रिफिङ सुनेपछि कास्कीका न्यायाधीश हिमलाल बेल्बासेले 'आरोपीहरुको कारोबार रहेको घर जग्गा खरिद बिक्रीको लिखत सम्बन्धी कागज प्रमाण प्राप्त भइ नसकेको' लगायतका कारण देखाउँदै थप १५ दिन हिरासतमा राख्न अनुमति दिएका थिए ।

'खासगरी चितवन-२ मा उपनिर्वाचन भएको आसपासको समयमा अमेरिकाबाट निकिता पौडेलको खातामा ठूलो रकम ट्रान्सफर भएको देखिन्छ' सीआईबी सम्बद्ध स्रोतले भन्यो, 'उहाँको खातामा आएको रकम विभिन्न व्यक्तिहरुका नाममा ट्रान्सफर भएको देखिएको छ, हामीले त्यसबारेमा अनुसन्धान गरिरहेका छौं ।'

पौडेलको खातामा अस्वभाविक रकम भेटिएपछि अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरुले गृहमन्त्री रमेश लेखक, महान्यायाधिवक्ताको कार्यालयका अधिकारीहरु, नेपाल राष्ट्र बैंक लगायतलाई ब्रिफिङ गरिसकेका छन् । स्रोतका अनुसार, पौडेलको खातामा अमेरिकाबाट भित्रिएको रकम सम्बन्धमा अमेरिकी अधिकारीहरुसँग पनि कानूनी सहायताका लागि आग्रह गर्नेबारे छलफल भइरहेको छ । अमेरिकाबाट रकम पठाउने व्यक्ति, तिनको आर्थिक अवस्था लगायतका विवरण खुलाउन आग्रहसहित पार स्परिक कानूनी सहायताका लागि कानून मन्त्रालयमार्फत पत्राचार गर्ने तयारी छ ।

महान्याधिवक्ता कार्यालय स्रोतका अनुसार, अहिलेसम्म प्राप्त प्रमाण हेर्दा निकिता पौडेलको कारोबारलाई विस्तृत रुपमा केलाउने र संलग्नहरुको भूमिकाबारे अनुसन्धान गर्न सुझावसहितको निर्देशन दिइएको छ । सम्पत्ति शुद्धीकरणको मामलामा अनुसन्धान गरिरहेका अधिकृतहरुले निकिता पौडेलको खातामा आएको रकम पछाडि दुई वटा कारण हुनसक्ने विश्लेषण गरेका छन् । पहिलो, उनीहरुले चितवन-२ को उपनिर्वाचनमा निर्वाचन सहयोगको आवरणमा अमेरिकाबाट ठूलो मात्रामा रकम भित्र्याएको हुनसक्छन् ।

दोस्रो, सहकारीबाटै दुरुपयोग भएको रकम व्यवस्थापन भएर शुद्धीकरणका प्रक्रियामार्फत उनीहरुको खातामा आएको पनि हुनसक्छ । 'महान्यायाधीवक्ता कार्यालयले उहाँको खातामा भेटिएको रकमको हकमा अनुसन्धान गरेर छुट्टै मुद्दाको रुपमा अघि बढाउनुपर्ने सुझाव दिएकाले खाता र कारोबार बारे छुट्टै अनुसन्धान भइरहेको छ', अनुसन्धानमा संलग्न एक अधिकृतले भने, 'प्रहरीले पनि सहकारी ठगीमा त्यो कारोबार प्रत्यक्ष नजोडिए अस्वभाविक कारोबारबारे छुट्टै अनुसन्धान गरेर प्रमाणका आधारमा अनुसन्धान टुंगाउने योजना बनाएको थियो ।'

रास्वपा सभापति लामिछानेकी पत्नी निकिता पौडेलले भने आफू र सभापति लामिछाने विरुद्ध अनावश्यक भ्रम फैलाउन खोजिएको भन्दै त्यस्तो विवरणमा सत्यता नभएको बताइन् । कुनै पनि मुलुकबाट आफूहरुको खातामा रकम नआएको उनको दाबी छ ।

'निर्वाचनको बेलामा मेरो र उहाँको खातामा रकम आएको भन्ने कुरामा कुनै सत्यता छैन, यो हामीविरुद्धको लाञ्छना र झुठो हल्ला हो' उनले संचारकर्मीसँग भनिन्, 'हाम्रो खातापाता सबै राज्यका निकायले हेरेका छन्, त्यहाँ जे छ, त्यहि हो । हामीले के नै लुकाउनुपर्ने छ र ?' कुनै अपराध गरेर त्यसबाट सम्पत्ति जोडेको भेटिए सम्पत्ति शुद्धीकरणको कसुर आकर्षित हुन्छ । यसअघि सम्पत्ति शुद्धीकरणको मामिलामा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले नै अनुसन्धान गरेर मुद्दा चलाउने गर्थ्यो ।

तर, गएको वर्ष सम्पत्ति शुद्धीकरण अनुसन्धान ऐन, २०६४ लाई संशोधन गरेर मुख्य कसुरमाथि अनुसन्धान गर्ने निकायले नै सम्बन्धित व्यक्तिमाथि सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान र अभियोजन गर्न सक्ने व्यवस्था गरिएको छ । लामिछानेमाथि सहकारी ठगीमा संलग्न रहेको आरोप लागिरहेका बेला माओवादी-एमाले-रास्वपा गठबन्धनको सरकारमा उनी उपप्रधान एवं गृहमन्त्री थिए । तत्कालीन प्रतिपक्षी नेपाली कांग्रेसले यो मामलालाई आफ्नो प्रमुख एजेण्डा बनायो र संसदीय समिति गठन गर्न माग गर्दै संसदमा अवरोध जारी राख्यो ।

लामो रस्साकस्सीपछि सहकारी समस्याबारे जाँच गर्न संसदीय समिति गठन गर्न दलहरु तयार भए । त्यसक्रममा एमाले सांसद् सूर्य थापा नेतृत्वको समितिले लामिछानेलाई सहकारीमा बचतकर्ताले राखेको रकम अपचनमा दोषी ठहर गरेको थियो । त्यसक्रममा उनका तत्कालीन साझेदार प्रहरीका पूर्वडीआईजी छविलाल जोशीलाई समेत जिम्मेवार बनाउनुपर्ने भनिएको थियो ।

समितिको प्रतिवेदनमा पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, चितवनको साहारा बहुउद्देश्यीय सहकारी संस्था, वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहकारी संस्था र नेपालगञ्जको समानता सहकारी (कुमार रम्तेल सचिव रहेको) बाट २२ करोड ४६ लाख ३० हजार रुपैयाँ गोर्खा मिडिया नेटवर्कमा गएको उल्लेख छ । बाँकी रकम विभिन्न व्यक्तिको नाममा ऋण लिएर जम्मा ६५ करोड रुपैयाँ गोर्खा मिडिया नेटवर्कमा लगेको भेटिएको थियो ।

थापा समितिको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा प्रहरीले पूर्वडीआईजी जोशीलाई ६ असोजमा पक्राउ गरेको थियो भने लामिछानेलाई २ कात्तिकमा बनस्थलीस्थित पार्टी कार्यालयबाटै नियन्त्रणमा लिएको थियो । सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान गर्दा प्रहरीले अदालतबाट म्याद लिएर लामिछानेलाई ९० दिनसम्म हिरासतमा राख्न सक्छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'सारङ्गी' विरुद्ध बौद्धिक सम्पत्ति चोरीको आरोपमा उजुरी




काठमाडौं/ब्लकबस्टर फिल्म 'पूर्णबहादुरको सारङ्गी' विरुद्ध बौद्धिक सम्पत्ति चोरीको आरोपमा उजुरी परेको छ । 'लाज' फिल्मका लेखक अजित लामिछानेले यही मंसिर ५ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा क्षतिपूर्तिको मागसहित उजुरी दर्ता गरेका हुन् । फिल्ममा 'लाज'को कथासार र केही प्लट तोडमोड गरी नियतबस चोरी गरिएको उजुरीमा उल्लेख छ ।

उजुरीमा भनिएको छ, 'विगत दुई वर्ष पहिले मैले 'पूर्णबहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेललाई 'लाज'को सम्पूर्ण कथा, पटकथा तथा संवाद सुनाएको थिएँ । र, उक्त फिल्मको निर्माण कम्पनी बाँसुरी फिल्म्सका प्रबन्ध निर्देशक रामबाबु गुरुङ (फिल्म निर्देशक)लाई पनि 'लाज'माथि सहकार्य गर्ने हेतुले इमेल गरिएको र दुई चरण फिल्म निर्माण सम्बन्धमा छलफल गरिएको हो ।'

लेखक लामिछानेले आफ्नो बौद्धिक सम्पत्ति चोरी भएकाले फिल्मका निर्देशकदेखि सम्बन्धित व्यक्तिसँग सत्यतथ्य छानबिन गरी सृजनामाथिको प्रतिलिपि अधिकार हनन् हुनबाट जोगाउँदै दोषीलाई कारबाही गर्न माग गरेका छन् ।

उनले केही दिनअघि फेसबुकमा पनि स्टाटस लेख्दै 'लाज'को कथासार र प्लट 'पूर्णबहादुरको सारङ्गी'मा चोरिएको आरोप लगाएका थिए । फिल्ममा जस्तै 'लाज' पनि बाबु-छोराको कथामा रहेको उनको दाबी छ ।

'पूर्णबहादुरको सारङ्गी' माथि 'सङ्ग्रामपुर' उपन्यासका लेखक डा. शिव शंकर बस्यालले पनि कथा चोरीको आरोप लगाएका थिए । उनले उपन्याससँग फिल्मको कथा मिलेको ९ बुँदे आधार नै प्रस्तुत गरेका थिए, जुन हेर्दा उपन्याससँग फिल्मको मूल कथा मिलेको पनि देखिन्छ । यद्यपि, फिल्मका निर्माता/निर्देशकले भने फिल्ममाथि लागेको चोरीको आरोपलाई नियोजित षड्यन्त्र भनेका छन् ।

# दयाहाङ र जितुमा को हुन् 'कार्साङ' ?



काठमाडौं/अभिनेताद्वय दयाहाङ राई र जितु नेपाल 'कार्साङ'मार्फत् ९ वर्षपछि एकसाथ फिल्ममा देखिँदैछन् । आगामी पुष २६ गतेबाट यो फिल्म प्रदर्शनमा आउँदैछ । यसअघि दुवैले 'वडा नम्बर ६'मा एकसाथ काम गरेका थिए । यसमा उनीहरु सहायक भूमिकामा थिए । तर, पछिल्लो समय दुवैले आफ्नै काँधमा फिल्म बोक्दै आइरहेका छन् । अर्थात् कथाको मुख्य पात्र भएर काम गरिरहेका छन् ।

'कार्साङ'मा दयाहाङ र जितु एकसाथ देखिएकाले कसको शीर्ष भूमिका हो भन्ने चासो धेरैमा देखिन्छ । यसको तात्पर्य कार्साङ पात्र को हुन् भन्ने हो । यसबारेमा अहिलेसम्म केही खुलाइएको छैन । निर्माण टिमले यसलाई फिल्म प्रदर्शन नहुँदासम्म कौतुहलताको विषय बनाइराख्न चाहेको देखिन्छ । यो एक हिसाबले पब्लिसिटीको रणनीति पनि हो । तर, लगातार जितुको क्यारेक्टर पोस्टर सार्वजनिक भइरहनुले भने उनी नै कार्साङ हुनसक्ने सम्भावनामा बल पुऱ्याएको छ ।

निर्माण टिमले फिल्मको चारवटा पोस्टर सार्वजनिक गरिसकेको छ । तर, कुनैमा दयाहाङ र जितुलाई एकसाथ प्रस्तुत गरिएको छैन । दुवैको अलग-अलग क्यारेक्टर पोस्टर छ । यसले गर्दा फिल्ममा उनीहरु कट्टर दुश्मनको भूमिकामा हुनसक्ने आशंका पनि उब्जाएको छ । तर, क्यारेक्टर पोस्टरमा दयाहाङ र जितुको लुक्स हेर्दा उनीहरुले चरित्र निर्माणमा राम्रै मिहिनेत गरेको देखिन्छ ।

यम शेर्पाको लेखन तथा निर्देशनमा बनेको फिल्मले शेर्पा समुदायको कथा उठाएको छ । यसमा दयाहाङ र जितुसहित सिर्जना निङलेखु, जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, सुरवीर पण्डित लगायतको पनि अभिनय छ । पुरुषोत्तम प्रधान छायाँकार र निर्माता रहेको फिल्ममा गोविन्द बोहरा सह-निर्माता तथा आङछिरिङ शेर्पा कार्यकारी निर्माताका छन् ।

# विपिन र मिरुना स्टारर 'ऊनको स्वीटर' बैशाख २६ लाई निश्चित



काठमाडौं/अभिनेता विपिन कार्की र अभिनेत्री मिरुना मगरको शीर्ष भूमिका रहेको फिल्म 'ऊनको स्वीटर' आगामी बैशाख २६ गतेबाट प्रदर्शनमा आउने भएको छ । सोमबार एक क्यारेक्टर पोस्टर सार्वजनिक गर्दै निर्माताले प्रदर्शन मिति घोषणा गरेका हुन् ।

सार्वजनिक पोस्टरमा विपिन र मिरुनालाई प्रेमभावमा देख्न सकिन्छ । उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा रहेको पोस्टरले प्रष्ट पार्छ । उनीहरुबीच अन्तरजातीय विवाह भएको देखिन्छ । किनकि, पोस्टरमा समावेश दुई तस्वीरमध्ये एउटामा मिरुना गुरुङ पहिरनमा देखिएकी छन् । विपिन र मिरुनाले यसअघि फिल्म 'लालपूर्जा'मा एकसाथ काम गरेका थिए ।

नवीन चौहानको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा विपिन र मिरुनासहित सुनिल पोखरेल, माओत्से गुरुङ, विल्सन विक्रम राई, प्रेम सुब्बा, एलेक्स पारस, परीक्षा लिम्बु, सुरज तमू, शारदा देवी सिलवाल लगायतको अभिनय छ । आर्टमाण्डूले फिल्मको निर्माण गरेको हो । यो कम्पनीले निर्माण गरेका 'बाफ', 'तीनपाते', 'के माया लाग्छ र ?', 'सुनाखरी' जस्ता गीत लोकप्रिय छन् ।

फिल्ममा निर्देशक चौहान स्वयंको लेखन छ भने उनलाई सुरज कटुवालले सघाएका छन् । छायांकनमा जानुअघि फिल्मको 'फूल' बोलको गीत सार्वजनिक गरिएको थियो, जसलाई युट्युबमा निकै रुचाइएको छ । ९ महिनामा १ करोड ४० लाखले हेरि सकेको यो गीतमा संगीत र स्वर सुजन चापागाईंको छ भने हर्क साउदको शब्द रचना छ । यो गीतकै कारण फिल्मको राम्रो हाइप बनेको छ ।

# नेपाललाई त्रिवि मैदानमा शतक हानेका माइकल लिस्क



काठमाडौं/आईसीसी क्रिकेट विश्वकप लिग टु को अघिल्लो साइकलमा नेपाल र स्कटल्याण्डबीच टीयू मैदानमा २०२३ फेब्रुअरीमा खेल भएको थियो । फेब्रुअरी २३ मा भएको उक्त खेलमा स्कटल्याण्डका माइकल लिस्कले सातौं नम्बरमा ब्याटिङ गर्दै शतक प्रहार गरेका थिए । उनकै अविजित १०७ रन मदतमा स्कटल्याण्डले ९ विकेट गुमाएर २७४ रन बनाएको थियो ।

१९०-५ हुँदा क्रिजमा पुगेका लिस्कले सातौं विकेटका लागि ब्राण्डन म्याकुमलेनसँग ८१ रनको महत्वपूर्ण साझेदारी गरेका थिए । जसका कारण स्कटल्याण्डले पूरै ५० ओभर खेल्न सक्यो । लिस्कले ८५ बल खेल्दा ३ चौका र ९ छक्का प्रहार गरे । लिस्कले शतक हानेपनि उक्त खेल भने स्कटल्याण्डले जित्न सकेन । कुशल मल्ल र दीपेन्द्र सिंह ऐरीले उत्कृष्ट ब्याटिङ गरेपछि लिस्कको शतकलाई छायामा पार्दै नेपालले स्कटल्याण्डलाई ३ विकेटले पराजित गरेको थियो ।

५५ रनमा ५ विकेट गुमाएको अवस्थामा कुशल र दीपेन्द्रले छैटौं विकेटका शतकिय साझेदारी गरे । दीपेन्द्रको अविजित ८५ र कुशलले ८१ रन मदतमा नेपालले ४७ ओभरमा ७ विकेट गुमाएर लक्ष्य पुरा गरेको थियो ।

दीपेन्द्रले ११६ बल खेल्दै ८ चौका र १ छक्का प्रहार गरे । कुशलले ६७ बल खेल्दै ९ चौका र ४ छक्कामा ८१ रन बनाए । त्यसबेला नेपालले दोस्रो पटक ओडिआईमा स्कटल्याण्डलाई हराएको थियो । त्यसयसअघि सन् २०२२ जुलाईमा नेपालले स्कटल्याण्डलाई उसकै मैदानमा पहिलो पटक पराजित गरेको थियो । नेपालमा आएर घरेलु मैदानमै शतक हान्ने उनै लिस्क यही मंसिर १५ गतेदेखि सुरु हुने नेपाल प्रिमियर लिग (एनपीएल) खेल्न काठमाडौं आउँदैछन् । उनले पोखरा एभेन्जर्सबाट एनपीएल खेल्नेछन् ।

लिस्कको आगमनले पोखरा एभेन्जर्सको टिमलाई अझ सन्तुलित बनाएको छ । एनपीएलमा एक टिमले चार विदेशी खेलाडी प्लेइङ एघारमा अनिवार्य खेलाउनुपर्नेछ भने टिममा ६ जना सम्म विदेशी खेलाडी अनुबन्ध गर्न सक्नेछन् । ब्याटिङ अलराउण्डरको रुपमा रहेको ३४ वर्षीय लिस्क दायाँ हाते ब्याटर हुन् भने दायाँ हाते अफब्रेक बलिङ गर्छन् ।

### स्कटल्याण्डका लागि लिस्कको प्रदर्शन

उनलाई स्कटल्याण्डको एक्सप्लोइसिभ ब्याटरको रुपमा चिनिन् । ओडिआईमा विशेषगरी लोअर मिडल अर्डर (छैटौं देखि आठौं) सम्म ब्याटिङ गर्ने लिस्कले ओडीआईमा युएई विरुद्ध ओपनिङ ब्याटिङ समेत गरेका थिए । उनले त्यही खेलमा ओपनिङ बलिङ समेत गरेका थिए । सन् २०१४ मा उनले इंग्ल्याण्ड विरुद्ध १६ बलमा ५ छक्का मदतमा ४२ रन प्रहार गरेका थिए । जुन चर्चित बनेको थियो । त्यस खेलमा स्कटल्याण्ड डिएलएस मेथडमा पराजित भए पनि लिस्क नै प्लेअर अफ दि म्याच चुनिएका थिए । तर लिस्कको खेल कन्सिस्टेन्ट भने रहन सकेन ।

लिस्कले स्कटल्याण्डका लागि ८० ओडिआई खेल खेल्दा ६३ इनिङ्समा ब्याटिङ गरेका छन् । जसमा उनले एक शतक र ७ अर्धतशक मद्दतमा १ हजार ३७२ रन बनाएका छन् । टी२०आईमा भने लिस्कले मिडल अर्डरमा ब्याटिङ गर्ने गर्छन् । उनले स्कटल्याण्डका लागि ६७ टी२० अन्तर्राष्ट्रिय खेल खेलेका छन् । जसमा एक अरर्धशतक मदतमा ७२६ रन बनाएका छन् । उनको उच्च स्कोर ५८ हो । टी२०आईमा उनको स्ट्राइक रेट १३०.३४ छ । सबैखाले टी२० गरी कूल ८५ खेल खेलेका लिस्कले ८५९ रन बनाएका छन् ।

यस्तै टी२०आईमा बलिङमा उनले ४१ विकेट लिएका छन् । उनको बेस्ट बलिङ फिगर ३-११ हो । सबैखाले टी२०मा गरी उनको विकेट संख्या ४५ छ । उनले गत जुनमा वेष्ट इन्डिज र अमेरिकामा भएको टी२० विश्वकप खेलेका थिए । जहाँ नामिबिया विरुद्ध जितमा उनले अलराउण्ड प्रदर्शन गर्दै प्लेअर अफ दि म्याच बनेका थिए । उनले उक्त खेलमा १०६ मिटरको लामो छक्का प्रहार गरेका थिए । बलिङमा १ विकेट लिएका उनले ब्याटिङमा ३७ बलमा ३५ रनको महत्वपूर्ण इनिङ्स खेलेका थिए ।

उनलेभाइटालिस्ट ब्लास्टमा समरसेटबाट ९ खेल खेलेका थिए । उनले दुई फस्ट क्लास क्रिकेट समेत खेलेका छन् । सन् २०१६ को सिजनअघि लिस्क समरसेटमा अनुबन्ध भएका थिए । उनले समर सेटमा दुई सिजन बिताएपछि काउन्टी क्रिकेट छाडे । लिस्कले सन् २०१७-१७ को आईसी इन्टरकन्टिनेन्टल कप अन्तर्गत २०१७ अक्टोबरमा फस्ट क्लास क्रिकेटमा डेब्यु गरेका थिए ।

स्कटल्याण्डको यू-१३ टिमदेखि यू-१५, यू-१७, यू-१९ सबै उमेर समूहमा खेल्दै लिस्क सिनियर टिममा पुगेका हुन् । उनले सन् २०१३ मा केन्या विरुद्ध टी२०आई र २०१४ मा क्यानडा विरुद्ध ओडिआईमा डेब्यु गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# यसरी मनाउँदैछ लैगिंकहिंसा विरुद्धको १६ दिने अभियान



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले लैगिंकहिंसाविरुद्धको १६ दिने अभियानको क्रममा विविध कार्यक्रम गर्ने भएको छ ।

सोमबार मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै १६ दिने अभियानका क्रममा सञ्चालन गरिने कार्यक्रमको बारेमा जानकारी गराइएको हो । मन्त्रालयले लैगिंक हिंसा न्यूनीकरणका लागि बागमती प्रदेशस्तरीय कार्ययोजना बनाउनेदेखि महिला पत्रकारका लागि लेखनवृत्ति प्रतियोगितासम्म आयोजना गर्ने भएको छ ।

लैगिंकहिंसाविरुद्धको १६ दिने अभियान बागमती प्रदेशभर भव्यताकासाथ मनाउनका लागि १ सय १९ वटै स्थानीय तहलाई अनुरोध गर्ने मन्त्रालयका सचिव बद्रीनाथ गैरेले जानकारी दिए । बागमती प्रदेशमा लैगिंकहिंसाको अवस्था र न्यूनीकरणका लागि भएगरेका कार्यक्रमसम्बन्धी सरकारी निकायका विशिष्ट व्यक्ति राखेर अन्तरक्रिया गर्ने सचिव गैरेले बताए ।

मन्त्रालयले बागमती प्रदेशमा लैगिंकहिंसाको अवस्था र न्यूनीकरणमा सरोकारवालाको भूमिका विषयक लेखनवृत्ति प्रतियोगिता आयोजना गर्ने भएको छ । बागमति प्रदेशका महिला पत्रकार लक्षित प्रतियोगिताका उत्कृष्ट तीन सहभागीलाई नगद पुरस्कार प्रदान गरिने सचिव गैरेले बताए । मन्त्रालयले सरकारी, गैरसरकारीक्षेत्र, निजीक्षेत्र, नागरिकसमाज, सञ्चारकर्मी सबैमा दिवस मनाउन अनुरोध गरेको छ ।

दिवसकै अवसरमा गैसस मकवानपुरले पनि विविध कार्यक्रमको आयोजना गरेको अध्यक्ष रमिला सापकोटाले जानकारी दिइन् । हरेकवर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिकहिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गर्ने गरिन्छ । सोमबारदेखि सुरु भएको लैङ्गिकहिंसाविरुद्धको १६ दिने अभियानको यसवर्षको नारा 'हामी सबैको प्रतिबद्धता लैगिंकहिंसा अन्त्यका लागि ऐक्यबद्धता' रहेको छ ।

# मनहरीमा भीरबाट लडेर १७ वर्षीय युवक मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिका-७ प्याङ्चे भीरबाट लडेका पावल प्रजाको उपचारको क्रममा सोमबार मृत्यु भएको छ ।

कैलाश गाउँपालिका-२ छ्याङदुङ घरभएका १७ वर्षीय प्रजा मनहरीबाट आफ्नो घर छ्याङदुङतर्फ जानेक्रममा आइतबार राति भीरबाट करिब ५० मिटर तल मनहरी खोलामा लडेर घाइते भएका थिए । लडेर गम्भीर घाइते भएका प्रजाको नयाँ मेडिकल कलेज भरतपुर चितवनमा उपचारको क्रममा सोमबार मृत्युभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रजाको शव नयाँ मेडिकल कलेजमा राखिएको छ ।

यसैबीच मकवानपुरको थाहा नगरपालिका-८ स्थित खानीखोलामा एक वृद्ध मृतअवस्थामा फेला परेका छन् । भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका-४ बरियागाउँका वर्ष ७५ का सूर्यबहादुर तामाङ बाटोछेउमा मृतअवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले जनाएको छ । घटनास्थल इलाका प्रहरी कार्यालय पालुङबाट २५ किलोमिटर पश्चिममा रहेको छ ।

# हेटौंडा एकेडेमीले फुटबल एकेडेमी सञ्चालन गर्ने, एन्फासँग सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ हेटौंडा उपमहानगरपालिका-११ स्थित सहिदस्मारकमा रहेको हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयले अब फुटबल एकेडेमी सञ्चालन गर्ने भएको छ ।

यसका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) र विद्यालयबीच सम्झौता सम्पन्न भएको छ । विद्यालयमा आयोजित विशेष कार्यक्रममा एन्फाका पदाधिकारी र विद्यालयका प्रतिनिधिबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो । एन्फा महासचिव किरण राईका अनुसार, सिस्नेरीस्थित बत्सलादेवी माविमा असोज १२ गतेको अविरल वर्षाका कारण उत्पन्न दु:खद घटनाका कारण त्यहाँको फुटबल कार्यक्रम स्थगन भएपछि यो अवसर हेटौंडा एकेडेमीलाई दिइएको हो ।

सम्झौताअनुसार फुटबल एकेडेमीका विद्यार्थीले अब हेटौंडा एकेडेमीको व्यवस्थापनअन्तर्गत अध्ययनसँगै फुटबल प्रशिक्षण जारी राख्न सक्नेछन् । विद्यालयका प्रमुख कार्यकारीअधिकृत रमेश रिमालले एकेडेमीकै मैदानमा अध्ययन र प्रशिक्षण दुवै सहजरुपमा सञ्चालन गरिने जानकारी दिए । विद्यालयलाई फुटबल क्षेत्रमै महत्वपूर्ण भूमिका खेल्न र विद्यार्थीको खेलकुद क्षमतामा वृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

# करातेमा चित्लाङलाई ७ स्वर्ण



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ मकवानपुर जिल्ला कराते महासंघको आयोजनामा हेटौंडामा भएको जिल्लास्तरीय कराते च्याम्पियनसीप प्रतियोगितामा थाहा नगरपालिका चित्लाङका खेलाडीले ७ स्वर्णपदक जितेका छन् ।

चित्लाङ प्रतियोगिताको च्याम्पियन पनि बनेको छ । थाहा नगरपालिका खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तानले दिएको जानकारी अनुसार थाहाका खेलाडीले सात स्वर्ण, तीन रजत र एक कास्यपदकसहित जिल्ला प्रथम हुन सफल भएको हो ।

प्रतियोगितामा चित्लाङका खेलाडी भूमिका बलामीले महिला काँतातर्फ स्वर्णपदक हात पारिन भने पुरुषतर्फ इनेश बलामीले कास्यपदक प्राप्त गरे । फाइटतर्फ इनेश बलामी, करुण गमाल, अर्जुन गमाल, सलिम गमाल, राज ब्लोन र निरज योन्जनले स्वर्ण जिते । सुशील रुम्बा, सौरभ जिम्बा र संगीता मोक्तानले रजतपदक पाउँदा भूमिका बलामीले कास्यपदक जितिन् ।

जिल्ला कराते महासंघको आयोजनामा पेमा लामाको अध्यक्षतामा भएको प्रतियोगिताको उत्कृष्ट खेलाडी थाहाकै करुण गमाल हुन सफल भएका थिए । प्रतियोगितामा चित्लाङबाट रोशन बलामी र सम्राट बलामी प्रशिक्षक थिए ।

# प्याब्सन थाहाको अध्यक्षमा पुन: सुरेन्द्रमान




साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याब्सन) थाहानगर समितिको तेस्रो अधिवेशनले सुरेन्द्रमान प्रधानलाई पुन: अध्यक्षमा सर्वसम्मत चयन गरेको छ ।

होटल फेमिलीमा भएको अधिवेशनले प्रधानको अध्यक्षतामा ७ सदस्यीय कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा सजिनभक्त श्रेष्ठ, सचिव संगम कार्की र कोषाध्यक्षमा श्यामकृष्ण जोशी चयन भएका छन् । समितिको सदस्यहरुमा मनोज रायमाझी, सुदर्शन कार्की र सुशील ओस्ती चयन भए । समितिको सल्लाहकारद्वयमा रामकृष्ण बस्नेत र रामशरण थापा चयन भएका छन् । समितिको कार्यअवधी ३ वर्षको रहनेछ ।

अधिवेशनमा प्रमुख अतिथि प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीले थाहानगरमा प्याब्सनले सकारात्मक प्रभाव पारेको बताउँदै अबको कार्यकाल शिक्षक र संस्थापकको क्षमता अभिवृद्धिमा ध्यान दिन सुझाव दिए । कार्यक्रममा प्याब्सन मकवानपुरका वरिष्ठ उपाध्यक्ष राजकुमार नहर्की, प्याब्सन थाहानगरका पदाधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# आशाजनक सामाजिक सुरक्षा कोष, निराशाजनक आबद्धता

काठमाडौं, ११ मंसिर/ प्रथम आर्थिक गणना २०७५ अनुसार देशभरि ९ लाख २३ हजार ३ सय ५६ भन्दा बढी उद्यम-व्यवसाय गर्ने प्रतिष्ठान छन् । सामाजिक सुरक्षा कोषको मंगलबारसम्मको आँकडा अनुसार अहिलेसम्म १९ हजार ७ सय ६९ रोजगारदाता मात्र कोषमा सूचीकृत भएका छन् ।

यो तथ्यांक अनुसार कुल प्रतिष्ठानमध्ये २ प्रतिशत हाराहारी मात्र सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन् । कोषले ११ मंसिर २०७७ सालदेखि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सुरु गरेको थियो ।

मंगलबारसम्म १७ लाख ९७हजार ६ सय ४० श्रमिक कोषमा आबद्ध छन् । सरकारले निकै महत्त्वसाथ अगाडि बढाएको यो कार्यक्रम ऐनमै भएको प्रावधान कार्यान्वयनमा समेत चुक्दा सहभागिता उत्साहजन बन्न सकेको छैन । कोषका कार्यकारी निर्देशक कविराज अधिकारी योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले जुन क्षेत्रमा सामाजिक सुरक्षा ऐन कार्यान्वयन हुन्छ भनेको छ, सोही क्षेत्रबाट बढी सहभागिता हुन नसक्नु चुनौती मान्छन् ।

सातौं सामाजिक सुरक्षा दिवसका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उनले औपचारिक क्षेत्रकै श्रमिकलाई समेट्न नसकिएको स्वीकारे । यसका लागि सरकारबाट सहजीकरणको अपेक्षा गरेको उनले बताए । यसबाहेक अनौपचारिक क्षेत्रका श्रमिकको सहभागिताका लागि संघ, प्रदेश र स्थानीय तहबाट रकम योगदान हुनुपर्ने उनको भनाइ छ । उनका अनुसार सरकारी निकायमै कार्यरत कर्मचारी समेत अझै पूर्णरूपमा सामाजिक सुरक्षा कोषमा समेट्न सकिएको छैन । त्यसमा अस्थायी र करारमा कार्यरत कर्मचारी छन् । यसका लागि समेत सरकारले सहजीकरण गर्नुपर्ने उनी बताउँछन् ।




**लाखौं श्रमिक कोषको दायरा बाहिर**

नेपालमा एकातर्फ सामाजिक सुरक्षा कोषले दिने स्किमको तुलनामा रोजगारदाता स्वयंले दिने स्किम राम्रो हुँदा पाइरहेको सेवा सुविधा कटौती हुने भएकाले कोषमा जान नमान्ने अवस्था छ । यस्तो समस्या बैंक तथा वित्तीय संस्थामा काम गर्ने श्रमिकमा छ ।

अर्कातर्फ, अहिले न्यून पारिश्रमिकमा काम लगाइरहेका रोजगारदाता कोषमा जाँदा श्रम ऐनमा तोकिए बमोजिम सेवा सुविधा श्रमिकलाई दिनुपर्छ । सोहीकारण त्यस्ता प्रतिष्ठान सामाजिक सुरक्षा कोषमा जान मानेका छैनन् । कोषको स्किम अनुसार श्रमिकको पारिश्रमिकबाट ११ प्रतिशत काट्ने र यसमा रोजगारदाताले २० प्रतिशत योगदान गर्ने प्रावधान छ ।

कोषको अवधारणा न्यूनतम पारिश्रमिक समेत पाउन नसकेका कर्मचारीलाई सामाजिक सुरक्षाको दायरामा समेट्ने लक्ष्य हो । तर, सबै श्रमिक र क्षेत्रलाई एउटै डालोमा राखेर बाध्यकारी बनाउन खोज्दा कोषले सहभागिता बढाउन नसकेको देखिएको छ । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल सामाजिक सुरक्षा कोषमा छोटो समयमा भएको रोजगारदाता र श्रमिकको सहभागिता उत्साहजनक रहे पनि धेरै सुधारको आवश्यकता रहेको बताउँछन् ।

छोटो समयमा भएको सहभागितामा समेत निजी क्षेत्रको अपनत्वले बढी भूमिका खेलेको भन्दै उनले यसले श्रम सम्बन्ध सुधारमा समेत योगदान पुगेको बताए । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल कोषको ऐन र कार्यविधिमा संशोधन आवश्यक रहेको बताउँछन् । कोषले अझै पनि धेरै औपचारिक र संगठित संस्थालाई नै आफ्नो स्किममा आबद्ध गर्न नसकेको भन्दै उनले यसमा बैंक तथा वित्तीय संस्था धेरै दायरा बाहिर रहेको उल्लेख गरे ।

कोषको पछिल्लो तथ्यांक अनुसार १७ लाख श्रमिकमध्ये १२ लाखभन्दा धेरै श्रमिक वैदेशिक रोजगारीमा गएका हुन् । कोषका अनुसार औपचारिक क्षेत्रका प्रतिष्ठानमात्र दायरामा आएको भए पनि यो संख्या धेरै माथि हुने थियो ।

अर्कातर्फ, नेपालबाट कामको खोजीमा ४० लाखभन्दा धेरै युवा विदेश पुगेको अनुमान छ । भारतमा काम गर्न जाने युवाको ठोस आँकडा छैन । सरकारले वैदेशिक रोजगारीमा जानेलाई विदेश जाने समयमै बाध्यकारी रूपमा कोषमा समेट्न थालेपछि श्रमिक संख्या बढेको छ । यो संख्या १२ लाख हाराहारी छ । यसमा पनि निरन्तरताको चिन्ता छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) अध्यक्ष डा. बद्री केसी ठोस योजना र कार्यक्रम ल्याउन नसक्दा वैदेशिक रोजगारीमा रहेका र विदेशमा अनौपचारिक क्षेत्रमा रहेको ठूलो संख्या अझै पनि सामाजिक सुरक्षा कोषको दायराभन्दा बाहिर रहेको बताउँछन् ।

कोषको दायरामा ल्याउन सरकारले ठोस योजना र अभिमुखीकरण कार्यक्रम गर्नुभन्दा पनि औपचारिकता र विदेश जानुपूर्वको अनिवार्य प्रक्रियाका रूपमा मात्रै सञ्चालन गरेको उनको भनाइ छ । यसले विदेशमा रहेका श्रमिकले यस कोषको महत्त्व नै बुझ्न नसकेको उनले बताए ।

'आजभन्दा तीन वर्षअघि नै एनआरएनए र सामाजिक सुरक्षा कोषले मिलेर बढिभन्दा बढी श्रमिक र विदेशमा अनौपचारिक क्षेत्रमा रहेकालाई यस कोषमा समेट्ने सहमति नै गर्दा पनि आजसम्म एउटा पनि काम गर्न सकिएको छैन,' केसीले भने । उनले विदेश जानुपूर्व पैसा तिरेर अनिवार्य गर्नैपर्ने प्रक्रियाका रूपमा मात्रै सञ्चालन भइरहेको बताए । सोहीकारण ५० लाख बढी नेपाली वाह्य श्रम बजारमा हुँदा पनि १२ लाख मात्रै कोषमा आबद्ध भएको उनको भनाइ छ । कोषमा निरन्तर योगदान हुन नसकेको भन्दै उनले ठोस योजना ल्याउन आग्रह गरे ।

नेपालको सामाजिक सुरक्षा व्यवस्थित र विस्तार गर्ने लक्ष्यसहित सरकारले २०६६/६७ बाट सामाजिक सुरक्षा कर अवधारणा ल्याएको थियो । त्यसपछि सामाजिक सुरक्षा कोष स्थापना भयो । कोषले ११ मंसिर २०७५ बाट औपचारिक क्षेत्रमा काम गर्ने श्रमिकका लागि सामाजिक सुरक्षा योजना सुरुवात गऱ्यो ।

१ साउन २०७६ देखि पूर्णरूपमा कार्यान्वयनमा आयो । ८ चैत २०७९ देखि वैदेशिक रोजगारीमा रहेका श्रमिक र ३१ साउन २०८० बाट अनौपचारिक र स्वरोजगार श्रमिक समेत आबद्ध हुन सक्ने गरी कोषले सामाजिक सुरक्षा योजना कार्यान्वयनमा ल्याएको हो । कोषले आफ्ना योजना र स्किम विस्तार गर्दै गए पनि सहभागिता उत्साहजनक हुन सकेको छैन ।

**प्रधानमन्त्री सन्तुष्ट**

सामाजिक सुरक्षा कोषको आबद्धताबाट प्रधानमन्त्री केपी शर्मा ओली भने सन्तुष्ट देखिन्छन् । मंगलबार सामाजिक सञ्जाल फेसबुकमा एक पोस्टमा कोषको आँकडा राख्दै प्रधानमन्त्री ओलीले लेखेका छन्, 'हेर्दा सामान्य लागे पनि हाम्रा लागि यो महत्त्वपूर्ण यात्रा हो ।'

उनले सामाजिक सुरक्षा क्षेत्रलाई अझ फराकिलो बनाउँदै वैदेशिक रोजगारीमा गएका मजदुरलाई समावेश गरी ६० लाख मजदुरलाई रोजगारी र सामाजिक सुरक्षामा समेट्ने लक्ष्य लिएको समेत उल्लेख गरेका छन् । कोष स्थापना भएयता उद्योगहरूमा तलब र अन्य सुविधा माग्दै हुने बन्द, हड्ताल रोकिएको र औद्योगिक शान्ति कायम भएको समेत उनको दाबी छ ।

**उपचार सुविधा विस्तार**

सामाजिक सुरक्षा कोषले उपचार सुविधा विस्तार गरेको छ । सातौं सामाजिक सुरक्षा दिवसमा मंगलबार राजधानीमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले उपचार सेवा विस्तार गर्ने घोषणा गरे ।

कोषले योगदानकर्ताको अस्पतालमा भर्ना भई उपचार गर्दा हाल १ लाख रुपैयाँ उपचार सुविधा उपलब्ध गराइरहेको छ । अब भने त्योभन्दा बढी १० लाख रुपैयाँसम्मको उपचारमा ५० प्रतिशत कोषले बेहोर्ने भएको छ । उता, अहिले औपचारिक योगदानकर्ताका श्रीमान र श्रीमतीमा रहेको स्वास्थ्य उपचार सेवा अब योगदानकर्ताका १८ वर्षसम्मका छोराछोरीमा समेत विस्तार भएको छ । कोषले आफ्नो योगदानकर्ताका लागि विभिन्न सुविधा दिँदै आएको छ । त्यसमध्ये प्रधानमन्त्रीले मंगलबार दुई सुविधा घोषणा गरेका हुन् ।

**निजी क्षेत्रको सुझाव : कोषको अर्बौं रकम पूर्वाधारमा लगानी गरौं**

निजी क्षेत्रले सामाजिक सुरक्षा कोषमा रहेको अर्बौं रकम पूर्वाधारमा लगानी गर्न माग गरेको छ । सातौं सामाजिक सुरक्षा दिवसमा आयोजित कार्यक्रममा निजी क्षेत्रका छाता संगठनका नेताहरूले कोषको रकम पूर्वाधार र उत्पादनशील क्षेत्रमा लगानी गर्न माग गरे ।

नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष ढकालले कोषमा अहिले निष्क्रिय बसेको रकम उत्पादनशील र पूर्वाधार क्षेत्रमा लगानी गर्नमाग गरे । यसले स्वदेशमै रोजगारी सिर्जनाको वातावरण बन्ने र युवा पलायन रोक्न मद्दत गर्ने उनको भनाइ छ । नेपाल उद्योग परिसंघ अध्यक्ष राजेशकुमार अग्रवालले समेत कोषको रकम उत्पादनशील क्षेत्रमा लगाउन माग गरे । यसले अर्थतन्त्र विस्तारमा समेत योगदान पुग्ने उनको भनाइ छ । कोषमा ६८ अर्ब ६८ करोड रुपैयाँ योगदान भइसकेकोछ ।

*(स्रोत: अनलाइनखबर)*

# रजतजयन्तीमा दौड प्रतियोगिता गराउँदै पालुङ बहुउद्देश्यीय



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रजत जयन्तीको अवसरमा दौड प्रतियोगिता हुने भएको छ ।

सहकारीको आयोजनामा १५ मंसिर बिहान प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिता अन्तर्गत ५ हजार मिटर खुल्ला पुरुष दौड र ३ हजार मिटर खुल्ला महिला दौड प्रतियोगिता हुने खेलकुद संयोजक यादवजंग रायमाझीले जानकारी दिए ।

प्रतियोगितामा बहालवाला नेपाल प्रहरी र नेपाली सेना बाहेकले नाम दर्ता गराउन सक्ने संयोजक रायमाझीको भनाइ छ ।

१४ मंसिर बेलुकी ४ बजेसम्म नाम दर्ता गर्ने समयावधि सहकारीद्वारा प्रकाशित सूचनामा तोकिएको छ । प्रतियोगितामा प्रथम हुनेले नगद १० हजार दोस्रोले ७ हजार र तेस्रोले नगद ५ हजार प्राप्त गर्नेछन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना